# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।०३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

कटारी नगरपालिका उदयपुर तथा माई नगरपालिका ईलामका तत्कालीन लेखा अधिकृत रबिनचन्द्र ढकालले नगरपालिकाको मूल खाताबाट आफ्नो खातामा ठुलो रकम स्थानान्तरण गरी आफूलगायत विभिन्न व्यक्तिका नाममा रकम निकाली भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरीहरुको सम्बन्धमा दुबै मुद्दाको अनुसन्धान सम्पन्न गरि मिति २०७५/०४/१८ मा जम्मा रु.७,२२,९३,१३२।- बिगो दाबी गरि मुद्दा दायर हुँदा सम्मानित बिशेष अदालतको आदेशले पुर्पक्षको लागी कारागार कार्यालय डिल्लीबजारमा थुनामा रहेका रबिनचन्द्र ढकालले जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुमा लेखा अधिकृतको रुपमा कार्यरत रहेको अबधिमा समेत अनियमितता गरेको भन्ने उजुरीको अनुसन्धान गर्ने सिलसिलामा निजको नाममा रहेका राष्ट्रिय वणिज्य बैंक र एन.एम.बी. बैंक लिमिटेडका खाताहरुमा जिल्ला स्वास्थ्य कार्यालयको विभिन्न मिति र च.नं. का पत्रहरूमा कार्यालयमा रहने प्रति र बैंकलाई पठाउने प्रतिमा व्यहोरा फरकफरक भएका गलत लिखत तयार पारी जम्मा रु.१४,८९,३०६।-(चौध लाख उनानब्बे हजार तीन सय छ) सरकारी रकम बदनियतसाथ अनधिकृतरुपमा व्यक्तिगत खातामा जम्मा गरी गराई निजी प्रयोगमा लगाई हिनामिना, हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१४,८९,३०६।- (चौध लाख उनानब्बे हजार तीन सय छ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुन साथै प्रतिबादी रबिनचन्द्र ढकालले लेखा अधिकृतको पदमा जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुमा रहँदा भ्रष्टाचार गरेको रकमबाट आमा प्रेम कुमारी दहालको नाममा खाताहरूमा जम्मा रहेको नगद मौज्दातहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गर्ने प्रयोजनका लागि मात्र निजकी आमा प्रेम कुमारी दहाललाई समेत प्रतिवादी कायम गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
सह-सचिव एवं प्रवक्ता